# प्रेस विज्ञप्ति

मितिः २०७२/०३/२८

संविधानसभाले संविधानको प्रारम्भिक मस्यौदा सार्वजनिक गरेको छ । मस्यौदा नागरिक सुझावको क्रममा छ । लामो समयपछि संविधान जारी हुने प्रकृया अघि बढ्दा सबैभन्दा धेरै खुशी हामी महिला भएका छौं । तर मस्यौदा संविधानमा भएको कतिपय व्यवस्था प्रति भने हाम्रो गंभिर असहमति छ । अन्तरिम संविधानले दिएको अधिकारहरू समेत कटौती गर्ने गरी नयाँ संविधान आए आम नेपाली महिलाप्रति अन्याय हुनेछ भन्ने हाम्रो ठहर छ । संविधानको मस्यौदामा भएका सकारात्मक व्यवस्थाको स्वागत गर्दै संशोधनको माग गर्दछौं ।

**प्रतावनाः** मस्यौदाको प्रस्तावनामा नै हाम्रो असहमति छ । अन्तरिम संविधानमा झैं **पितृसत्तात्मक** शव्द थप गरिनुपर्दछ भन्ने हाम्रो माग छ ।

**नागरिकताः** महिला र पुरुषलाई समान वंशीय अधिकार भनेपनि मस्यौदाको व्यवस्थाहरूले नै छोरीलाई वंश स्वीकार गरेको देखिँदैन । वंशजको नागरिकताको लागि आमा र बाबु दुवै नेपाली नागरिक हुनुपर्ने व्यवस्था छ । महिला र पुरुषको स्वतन्त्र नागरिक अस्तित्वलाई स्विकार गर्दै आमा वा बाबु नेपाली भएका सन्तानले निर्वाध रुपमा नेपाली वंशजको नागरिकता पाउनुपर्दछ । अंगिकृत नागरिकता पाउन नेपाली महिला र पुरुषको दम्पत्तीबीच विभेद छ । पुरुषको दम्पतीलाई वसोवासको प्रावधान छैन । तर महिलाको दम्पत्तीका हकमा १५ वर्ष नेपालमा वसोवास गरेको हुनुपर्ने व्यवस्था छ । यो विभेद हट्नुपर्छ । संविधानका हरेक धारा अविभेदको सिद्धान्तका आधारमा लेखिनुपर्दछ भन्ने हाम्रो माग छ ।

समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन । पैत्रिक सम्पत्तीमा लैंगिक भेदभाव विना सवै सन्तानको समान हक स्थापित गरेको छ । यो सकारात्मक व्यवस्था हो । प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन् सम्बन्धी हक हुनेछ र लैङ्गिक पहिचानको आधारमा भ्रूणहत्या गर्ने कार्य कानुन बमोजिम दण्डनीय हुनेछ । महिलामाथि धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा आर्थिक शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानुन बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हकको हामी खुलेर स्वागत गर्दछौं । तर सुरक्षित मातृत्व र प्रजनन सम्बन्धी हकसँगै प्रजनन स्वास्थ्यको हक थप्नुपर्दछ । वहुविवाहलाई संवैधानिक रुपमा प्रतिवन्ध लगाइनुपर्दछ ।

**सहभागिताः** मस्यौदा संविधानले प्रतिनिधी सभा र राष्ट्रिय सभामा गरी ३३ प्रतिशत सुनिश्चित त गरेको छ । तर स्थानीय निकायमा ४० प्रतिशत महिला सुनिश्चित हुने व्यवस्था छैन । स्थानीय तहमा महिला संख्या नबढाई समान सहभागिताको उद्देश्य पूरा हुन सक्दैन भन्ने हाम्रो मान्यता छ । यस्तै गाउँपालिका तथा

नगरपालिकाको प्रमुख वा उप-प्रमुख मध्ये एक जना महिला हुनुपर्ने व्यवस्था हुनुपर्छ । संघीय सरकारदेखि प्रदेश सरकारसम्म, न्यायपालिका, राजनीतिक दलमा सहभागिताका विषयमा मस्यौदा मौन छ । अहिले नै ३३ प्रतिशत महिला पुऱ्याउन सम्भव नभएका क्षेत्रहरूमा सकारात्मक विभेदको आधारमा एकतिहाई महिला सहभागिता पुऱ्याउने समय तोकिनुपर्दछ । राष्ट्रिय महिला आयोगलाई संवैधानिक बनाइएको छ । यो राम्रो पक्ष हो । तर अन्य संवैधानिक आयोग/निकायहरू पनि समानुपातिक समावेशी सिद्धान्तका आधारमा गठन हुने व्यवस्था हुनुपर्दछ ।

सभामुख/उपसभामुख, राष्ट्रियसभाको अध्यक्ष/उपाध्यक्ष मध्ये एक जना महिला हुनुपर्छ । यस्तै प्रदेश सभा, नगरपालिका, गाउँपालिकाको प्रमुख-उपप्रमुखमा पनि एवं रीतले मुख्य पदमा एकजना महिला हुनुपर्ने व्यवस्था गरिनुपर्दछ ।

धन्यवाद ।

*महिला मैत्री संविधानका लागि साझा अभियान*

P.O. Box 13293, Kathmandu, Nepal Phone: 977-1-5530192, 5551182, Fax: 977-1-5551182 Email: sancharika@wlink.com.np
Website: www.sancharika.org